विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर,मोरङ
कोशी प्रदेश, नेपाल।

प.सं. :-०८२/८३(सहकारी)
च.नं.

मितिः २०८३/०१/१५
ने.सं. ११४६ बछलाथ्व द्वादशी मंगलबार

विषयः आ.व. २०८१/०८२ को साधारणसभाको प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन पेश गर्ने सम्बन्धी सूचना।

विराटनगर महानगरपालिकाको सहकारी ऐन, २०७५ (दोश्रो संशोधन, २०८०) को दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारणसभा सम्पन्न गरी दफा ५२ बमोजिम तोकिएको समयभित्र साधारणसभाबाट पारित प्रतिवेदनहरु लगायत लेखापरीक्षण प्रतिवेदन दर्ता गर्ने अधिकारी समक्ष पेस गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। सोहि सन्दर्भमा यस कार्यालयको नियमन क्षेत्राधिकारभित्र जम्मा १७१ वटा सहकारी संस्थाहरु रहे तापनि हालसम्म ११० वटा संस्थाले मात्र साधारणसभाको प्रतिवेदन पेश गरेको हुँदा विवरण बुझाउन बाँकी रहेका संस्थाहरुलाई २०८३ साल बैशाख मसान्तसम्ममा अनिवार्य प्रतिवेदन बुझाउनु हुन जानकारी गराइन्छ। अन्यथा नियमानुसार भइ जाने बेहोरा सूचित गरिन्छ।

.....
(योगेन्द्र प्रसाद दुलाल)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखा, वि.म.न.पा.- वेबसाइटमा सूचना प्रकाशन गरि दिनुहुन।